जि.प्र.का. झापा दर्ता नं. १५०/२०७६/०१/१६

सूचना र सञ्चार, नागरिकको अधिकार

# निष्कर्ष न्यूज

NISHKARSHA NEWS WEEKLY साप्ताहिक



साउन महिनाको महिमा

✍ सरस्वती ढुंगाना



वर्ष - ४ | अंक - ४० | साउन ०३ गते आइतबार २०८३ | Sunday 19 July, 2026 | मूल्य : रू. १५।-

# धेरै सन्तान जन्माउनेलाई प्रोत्साहन

## बालबालिका जीवन सुरक्षा कार्यक्रम

**तेह्रथुम/** दुई सन्तान ईश्वरका बरदान नारा लगाएर नथाक्ने नेपाली समाज भित्रै अब धेरै सन्तान जन्माउनेलाई प्रोत्साहन गर्ने अभ्यास शुरू भएको छ त्यो पनि सरकारकै तर्फबाट । तेह्रथुमको छथर गाउँपालिकाले जनसंख्या वृद्धि र सामाजिक सुरक्षालाई जोड्ने फरक अभ्यास सुरू गरेको छ ।

गाउँपालिकाले 'बालबालिका जीवन सुरक्षा कार्यक्रम' मार्फत धेरै सन्तान जन्माउने परिवारलाई प्रोत्साहनस्वरूप पाँच हजारदेखि २० हजार रूपैयाँसम्म बालबालिकाको नाममा बचत गरिदिने नीति लागू गरेको छ।

जन्मिने प्रत्येक बालबालिकाको भविष्य सुरक्षित गर्ने उद्देश्यले सुरू गरिएको यो कार्यक्रम स्थानीय तहमा नौलो अभ्यासका रूपमा हेरिएको छ ।

यो गाउँपालिकाले सामाजिक सुरक्षालाई वृद्धभत्ता वा अन्य नगद सहायता वितरणमा मात्र सीमित नराखी जन्मदेखि वृद्धावस्थासम्म नागरिकको जीवनचक्रसँग जोडिएका कार्यक्रम सञ्चालन गर्दै आएको छ । बालबालिका जीवन सुरक्षा कार्यक्रमसँगै धेरै सन्तान जन्माउने परिवारलाई प्रोत्साहन, ज्येष्ठ नागरिक एकल पुरूष सम्मान, घरदैलो स्वास्थ्य सेवा, जनता आवास, मलामी खाजा सहयोग, भोका नागरिकलाई खाना तथा खाद्य रोजगारी कार्यक्रमलाई गाउँपालिकाले निरन्तरता दिएको छ ।

गाउँपालिका अध्यक्ष सन्तवीर लिम्बूका अनुसार सामाजिक सुरक्षालाई व्यवहारमै अनुभूति गराउने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गरिएको हो। उनका अनुसार जन्मिने बालबालिकाको भविष्य सुरक्षित गर्नुका साथै गाउँमा घट्दो जनसंख्याको प्रवृत्तिलाई पनि सम्बोधन गर्ने प्रयास गरिएको छ।राष्ट्रिय बाल दिवसको अवसर पारेर २०८१ भदौ २९ गते सुरू गरिएको बालबालिका जीवन सुरक्षा कार्यक्रमअन्तर्गत जन्मिने प्रत्येक शिशुको नाममा बचत खाता खोलिन्छ ।

कार्यक्रम सुरू भएको पहिलो आर्थिक वर्ष २०८१/०८२ मा ५३ जना नवजात शिशु लाभान्वित भएका थिए । कार्यक्रमप्रति अभिभावकको आकर्षण बढेसँगै आर्थिक वर्ष २०८२/०८३ मा लाभग्राहीको संख्या ७४ पुगेको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख रोशन कार्कीले बताए ।

यस वर्ष गाउँपालिकाले कार्यविधि संशोधन गर्दै दोस्रो, तेस्रो र चौथो सन्तानलाई थप प्रोत्साहन दिने व्यवस्था गरेको छ। संशोधित व्यवस्थाअनुसार पहिलो सन्तानका लागि पाँच हजार रूपैयाँ, दोस्रोका लागि १० हजार, तेस्रोका लागि १५ हजार तथा चौथो र सोभन्दा माथिका सन्तानका लागि २० हजार रूपैयाँ बालबालिकाको नाममा बचत गरिन्छ । दुई वा दुईभन्दा बढी सन्तान भएका परिवारका संरक्षकको नाममा समेत थप बचत गर्ने व्यवस्था गरिएको छ।गाउँपालिकाका अनुसार यो नीति घट्दो जन्मदरलाई सम्बोधन गर्दै पहाडी क्षेत्रमा जनसंख्या वृद्धि गर्न प्रोत्साहन दिने उद्देश्यले ल्याइएको हो।

चालु आर्थिक वर्षमा पहिलो सन्तानका २५, दोस्रोका ३३, तेस्रोका १०, चौथाका चार तथा पाँचौं र छैटौं सन्तानका एक–एक जना यो कार्यक्रमबाट लाभान्वित भएका छन्। ।

कार्यक्रमबाट लाभ लिएका अभिभावकले पनि यसको सकारात्मक प्रभाव देखिन थालेको बताएका छन्। पहिलो सन्तानकी आमा सुजता न्यौपानेले बच्चा जन्मिनेबित्तिकै बचत सुरू हुनु अभिभावकलाई भविष्यप्रति सचेत बनाउने काम भएको बताइन्। तेस्रो सन्तानकी आमा भोजकुमारी सङ्गौलाले गाउँपालिकाको सहयोगले बालबालिकाको शिक्षा र भविष्यप्रति थप आशा जागेको सुनाइन्। ।

चौथो सन्तानकी आमा कोपिला कार्कीले रकमभन्दा पनि यसको उद्देश्य महत्वपूर्ण रहेको भन्दै कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखिन्। ।

छथर गाउँपालिकाको सामाजिक सुरक्षा अभियान बालबालिकामा मात्र सीमित छैन। गाउँपालिकाले 'ज्येष्ठ नागरिक एकल पुरूष सम्मान कार्यक्रम' सञ्चालन गरी समाजमा ओझेलमा परेका बाँकी ६ पेजमा

# राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन

**झापा/** राष्ट्रिय सहकारी नियमन प्राधिकरण (एनसीआरए) ले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई चालु आर्थिक वर्ष २०८२/०८३ को अवधिभित्र पाकेको ब्याज आगामी साउन १५ गतेभित्र भुक्तानी गरेमा सो रकमलाई चालु आर्थिक वर्षकै आम्दानीका रूपमा गणना गर्न सकिने निर्देशन जारी गरेको छ ।

सहकारी ऐन, २०७४ को दफा १०३ ज. ले दिएको अधिकार प्रयोग गर्दै प्राधिकरणले २०८३ असार ३१ गतेको निर्णयअनुसार यस्तो निर्देशन जारी गरेको हो ।

प्राधिकरणद्वारा जारी निर्देशनमा चालु आर्थिक वर्ष २०८२/०८३ को अवधिभित्र पाकेको ब्याज २०८३ साल साउन १५ गतेभित्र भुक्तानी गरेमा आर्थिक वर्ष २०८२/०८३ कै आम्दानीका रूपमा गणना गर्न सकिने उल्लेख गरिएको छ । सो निर्देशन विशेषगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूका लागि लागू हुने प्राधिकरणले जनाएको छ ।

### झापाका ४७ औषधि पसलमा विभागको अनुगमन

# चार वटामा गरियो सिल

**झापा/** औषधि व्यवस्था विभाग विराटनगर र जिल्ला प्रशासन कार्यालय झापाले संयुक्त अनुगमनका क्रममा जिल्लाका चार वटा औषधि पसल सिल गरेका छन् । तीन दिनसम्म सञ्चालन गरिएको अनुगमनमा भद्रपुर, बिर्तामोड, कचनकवल र दमक क्षेत्रका ४७ वटा औषधि पसलको निरीक्षण गरिएको थियो । अनुगमनका क्रममा औषधि ऐन तथा प्रचलित मापदण्ड विपरीत सञ्चालनमा रहेका चार वटा पसलमा सिल गरिएको हो ।

सिल गरिएका पसलमा भद्रपुरस्थित सृजना फार्मेसी, चन्द्रगढीको निदान आयुर्वेद मेडिकल, कचनकवलको अमिला मेडिकल हल र सापकोटा हेल्थ क्लिनिक रहेका छन् ।

औषधि व्यवस्था विभाग विराटनगरका सूचना अधिकारी दीपेन्द्र खड्काका अनुसार सृजना फार्मेसीले एउटै बाँकी ६ पेजमा

# भत्काइएको धिमाल प्रतिमा पुनर्निर्माण कहिले ?



**दमक/** धिमाल समुदायको इतिहास, भाषा, संस्कृति र पहिचानको संरक्षण तथा पुनर्स्थापनाका लागि समुदायभित्र आवाज उठ्न थालेको छ । दमक नगरका प्रथम नागरिक धिमालहरूको प्रतिमा पुनर्निर्माणको आवश्यकता औंल्याउँदै सामाजिक सञ्जालमार्फत धिमाल समुदायका अगुवाहरू तथा दमकबासी सर्वसाधारणले त्यस्तो आवाज उठाएका हुन् ।

दमक नगरपालिका परिसरमा गत भाद्र २४ गने जेनजी आन्दोलनको निहुँमा आन्दोलनकारीहरूले धिमाल समुदायको प्रतिमा भत्काउनेदेखि नगरपालिका कार्यालय भित्रका महत्वपूर्ण भौतिक पूर्वाधार तथा अन्य महत्वपूर्ण दस्तावेजहरू समेत जलाएका थिए । धिमाल प्रतिमा पुनर्निर्माण केवल कुनै भौतिक संरचना निर्माणको विषय नभई समुदायको ऐतिहासिक पहिचान, सांस्कृतिक अस्तित्व र सामाजिक सम्मानसँग जोडिएको विषय भएको उल्लेख गर्दै सामाजिक सञ्जाल मार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ ।

धिमाल समुदायलाई नेपालको आदिवासी जनजातिमध्ये ऐतिहासिक र मौलिक समुदायका रूपमा चित्रण गर्दै विगतदेखि नै भाषा, संस्कृति र परम्परा ओझेलमा पर्दै गएको उल्लेख गरिएको छ । समुदायको पहिचान जोगाउन स्थानीय सरकार, सरोकारवाला निकाय तथा समुदाय स्वयंले संरक्षण र प्रवर्द्धनका लागि पहल गर्नुपर्ने बाँकी ६ पेजमा



## सम्पादकीय

# स्वास्थ्य उपचारको व्यवस्था मिलाउने दायित्व

पूर्वी तराईका विभिन्न जिल्लामा यतिबेला मानिसहरु प्राय: एक किसिमको मौसमी स्वास्थ्य समस्याबाट पीडित छन् । उच्च ज्वरो, रुघाखोकी, हातखुट्टा दुख्ने तथा शरीर गल्ने समस्या तीव्र रुपमा बढ्दै गएको छ । सरकारी स्वास्थ्य संस्था, निजी क्लिनिक तथा अस्पतालहरुमा दैनिक रुपमा यस्ता लक्षण भएका बिरामीको संख्या बढिरहेको छ । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक र दीर्घरोगीहरू बढी प्रभावित भइरहेका छन्। । मौसम परिवर्तनसँगै देखिने यस्ता संक्रमणलाई सामान्य रुपमा लिनु हुँदैन ।

वर्षायाम सुरु भएसँगै तापक्रममा र वातावरणीय परिवर्तनका कारण विभिन्न भाइरल संक्रमण फैलिने जोखिम बढ्छ। धेरैजसो अवस्थामा केही दिनमै निको हुने भए पनि समयमै उपचार र आवश्यक सावधानी अपनाइएन भने यसले निमोनिया, डिहाइड्रेसन वा अन्य जटिल स्वास्थ्य समस्या निम्त्याउन सक्ने चिकित्सकहरुको भनाई छ ।

त्यसैले उच्च ज्वरो, लगातार खोकी, सास फेर्न गाह्रो हुने वा अत्यधिक कमजोरी महसुस भएमा घरमै औषधि सेवन गरेर बस्नुभन्दा स्वास्थ्य संस्थामा पुगेर चिकित्सकको परामर्श लिनु उपयुक्त हुन्छ ।

यस्ता संक्रमणको रोकथाममा व्यक्तिगत सरसफाइ सबैभन्दा प्रभावकारी उपाय हो। साबुनपानीले नियमित हात धुने, खोक्दा वा हाच्छ्युँ गर्दा मुख छोप्ने, बिरामीसँग अनावश्यक सम्पर्क कम गर्ने, प्रशस्त पानी पिउने, पौष्टिक आहार खाने तथा पर्याप्त आराम गर्ने बानीले संक्रमण फैलिने जोखिम घटाउँछ। विद्यालय, कार्यालय र सार्वजनिक स्थानमा पनि सरसफाइ र स्वास्थ्य सुरक्षाका उपायहरूको कडाइका साथ पालना गरिनुपर्छ।

स्थानीय तह र स्वास्थ्य निकायले पनि यस अवस्थालाई सामान्य मौसमी समस्या भनेर बेवास्ता गर्नु हुँदैन । स्वास्थ्य संस्थामा आवश्यक औषधि, स्वास्थ्यकर्मी र परीक्षण सेवाको पर्याप्त व्यवस्था मिलाउनुका साथै समुदायस्तरमा जनचेतनामूलक अभियान सञ्चालन गर्न आवश्यक छ। संक्रमणको अवस्था नियमित रुपमा निगरानी गरी आवश्यक परेमा सम्बन्धित निकायले समयमै सूचना र स्वास्थ्य परामर्श जारी गर्नुपर्छ । अहिले पनि ग्रामिण तथा शहरी क्षेत्रकै बासिन्दा पनि आर्थिक विपन्नताका कारण नियमित स्वास्थ्य परिक्षणमा जादैनन् । जसका कारण सामान्य भनिएको स्वास्थ्य समस्या पनि दिनदिनै जटिल बनेर जान्छ । आर्थिक विपन्नताकै कारण स्वास्थ्य संस्थामा जान नसकेका आफ्ना वडा र गाउँ नगरका बासिन्दालाई स्वास्थ्य जाँच तथा उपचार सेवा दिनु सम्बन्धित स्थानीय सरकारको दायित्व र कर्तव्य हो ।

सामान्य सावधानी र समयमै उपचारले धेरै संक्रमणलाई जटिल बन्नबाट रोक्न सकिने भएकाले सरकारको ध्यान स्वास्थ्य सचेतनामा जानु पर्छ । आवश्यक परे नागरिरको स्वास्थ्य उपचार सेवाको अधिकार सुरक्षित गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हो ।

नागरिक, समुदाय र राज्य सबैले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निभाउने हो भने मौसमी संक्रमणको असरलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ । अहिलेको आवश्यकता त्रास फैलाउने होइन, सही सूचना, सतर्कता र सामूहिक प्रयासमार्फत जनस्वास्थ्यको प्रभावकारी संरक्षणका लागि हातेमालो गरेर काम गर्नु हो ।






# साउन महिनाको महिमा



✍ सरस्वती ढुंगाना

हिन्दु धर्म-संस्कृतिमा साउन महिनामा शिवजीको पूजाआराधना गर्ने र व्रत बस्ने प्रचलन छ । त्यसमा पनि साउनको सोमबारलाई त विशेष दिनकै रूपमा लिने गरिएको छ । कसैले साउन महिनाभरि बोलबमका रूपमा त कसैले सोमबार मात्र व्रत बस्ने चलन चलेको पाइन्छ । त्यसो त शिवजीको प्रिय दिनका रूपमा सोमबारलाई लिइन्छ । यस दिन भगवान्लाई शुद्ध जल चढाएर विधिपूर्वक पूजा गरिन्छ । शिवजीको यस महिनाभरि पूजाअर्चना गर्दा पुण्य प्राप्त हुने तथा सौभाग्य र सुस्वास्थ्य प्राप्त हुने शास्त्रीय मान्यता पनि रहिआएको छ । शिवजीलाई पति प्राप्त गर्न पार्वतीले एक महिना निराहार व्रत बसेको प्रसङ्गले पनि नारीले आफ्नो पति, सन्तान तथा परिवारको कल्याणका लागि यो व्रत लिने गरेको पाइन्छ । शिवपुराणमा वर्णन भए अनुसार शिव नै स्वयम् जल हुन् । श्रवण नक्षत्रमा पर्ने महिना साउन हो । यसै गरी श्रवण नक्षत्रका स्वामी चन्द्रमा हुन् । चन्द्रमा शिवजीको शिरमा विराजमान छन् । चन्द्रमा शीतलताका प्रतीक हुन् । जब सूर्य मिथुन राशिबाट कर्कट राशिमा प्रवेश गर्छन्, तब साउन महिना सु? हुन्छ । जब सूर्य कर्कट राशिमा आउँछन्, तब वर्षायाम पनि सु? हुन्छ । यसले महादेवलाई मात्र नभएर सारा ब्रह्माण्डलाई नै शीतलता प्रदान गर्दछ ।

यस महिनालाई धार्मिक कृत्य आयोजना गर्न नहुने महिना भनेर लिने गरिएको छ । यो महिना त विशेष रूपमा शिवको आराधना हुने महिना हो । अन्य महिनामा भन्दा यस महिनामा व्रत बस्दा र दान गर्दा धेरै गुणा पुण्य हुने लोकविश्वास पनि रहेको छ । यस वर्ष त पु?षोत्तम मास परेकाले पनि झन् विशेष महत्व रहेको छ ।

साउनको सोमबारको व्रतको पूजाविधि पनि अन्य व्रतको जस्तै छ । यो व्रत सूर्योदय भएपछि सु? हुन्छ र तेस्रो प्रहरसम्म शिवजीको उपवास बसिन्छ । यस अवसरमा शिवपुराण वा शिवकथा श्रवण गरिन्छ । त्यसपछि शिवजीको पूजापाठ आराधना गरिन्छ । तेस्रो प्रहरमा शिवजीको पूजा गरेपछि सात्विक भोजन गर्ने चलन छ । खासगरी यस महिनामा नारीले हरियो, पहेँलो र रातो पहिरनलाई प्राथमिकता दिन्छन् । यस बेला नारीहरू तीन रङका शृङ्गारमा सजिएर मठमन्दिर पुगेको देख्दा वातावरण नै आकर्षक देखिन्छ । नारीले साउन महिनामा हरियो, पहेँलो र रातो रङका चुरा, पोते, साडी, चोलो वा पहिरन लगाउनुका पछाडि कुनै विशेष कारण रहेको भन्ने तथ्य चाल पाउन सकिएको छैन ।कलरथेरापीमा वर्णन भए अनुसार भने रातो, हरियो र पहेँलो रङको पनि आफ्नै विशेष महत्व रहेको पाइन्छ । रातो रङलाई सौभाग्यका साथै प्रेम, शक्ति र साहसका रूपमा लिइन्छ । हरियो रङलाई आत्मीयता र प्रकृतिको उच्च सम्मान वा सहनशीलता र पहेँलोलाई बौद्धिकताका रूपमा लिइन्छ । साउन महिनाको प्रकृतिसँग सामीप्यता कायम गर्ने रङका रूपमा हरियो रङलाई लिइन्छ । प्रकृतिलाई स्त्री शक्ति वा नारी स्वरूपमा लिइने भएकाले नारीले यस महिनामा आफ्नो शृङ्गारमा हरियो रङलाई विशेष प्राथमिकता दिइएको हो भन्न सकिन्छ ।

सबैले साउन महिना भनेर तुच्छ ठाने पनि यस महिनाको शास्त्रीय मूल्यमान्यता झन् गाढा रहेको छ । जीवन र जगत्का संहारकर्ता, अधिपति, देवादिदेव महादेवको पूजाअर्चना गरी यस पर्व मनाउनुमा सत्यम्, शिवम् र सुन्दरम्को भाव अन्तर्निहित भएको पाइन्छ । बाहिरी आवरण मात्र होइन, भित्री मन र विचार पनि शुद्ध वा सुन्दर हुनु पर्दछ । मानव शव होइन, शिवम् हुनु पर्दछ । त्यसैले सत्यम्, शिवम् र सुन्दरम्को भावना जागृत हुनु पक्कै पनि उत्तम हो । त्यसैले घरभित्र मात्र नभएर घरबाहिर पनि सुन्दर व्यवहार प्रदर्शन गरी अगाडि बढ्न यस पर्वले सम्पूर्ण नारीलाई थप प्रेरणा प्रदान गरेको छ ।

नारी शक्तिलाई कम र तुच्छ ठान्न नहुने सङ्केत गर्दै उनीहरूको हरेक व्यवहारमा सत्यता र सुन्दरताले भरिएको हुन्छ भन्दै सबै नारीलाई आफ्नो मूल्य, मान्यता र संस्कारभित्र रहन पनि यस पर्वले मार्ग निर्देश गरेको छ । धार्मिक एवं वैज्ञानिक दृष्टिमा पनि व्रत बस्दा फाइदा पुग्ने कुरामा दुईमत छैन । त्यसैले यस महिनामा व्रत बस्दा मनमा आनन्द प्राप्त हुने मात्र होइन, मनोकाङ्क्षासमेत पूरा हुने मान्यता विभिन्न धार्मिक ग्रन्थमा पाइन्छ ।

हिजोआज भगवान् शिवजीको पूजाअर्चना गरी बोलबम एवं काँवरिया जाने चलन पनि छ । कुनै जलासयबाट जल लिएर शिवालयमा गई जल चढाउने प्रचलन नै बोलबम परम्पराको मुख्य आकर्षण हो । यस परम्परामा आधुनिक युवायुवतीको झुकाव रहेको देखिन्छ । प्रत्येक वर्ष आयोजना गरिने बोलबम परम्परामा समावेश युवायुवतीको समूहले नै उक्त कुरालाई सहजै प्रस्ट पार्दछ । त्यसैले साउन महिना र विशेष गरी यस महिनाको सोमबारको हिन्दु परम्परामा आफ्नै मूल्य, मान्यता र गरिमा रहेको छ भन्दा अत्युक्ति नहोला ।

# कमल गाउँपालिकामा मानसिक स्वास्थ्य सेवा तथा जनचेतना कार्यक्रम



**तोपगाछी/** झापाको कमल गाउँपालिकाले आर्थिक वर्ष २०८२ र ०८३ मा मानसिक स्वास्थ्य प्रवर्द्धन, मानसिक रोगको उपचार तथा मनोसामाजिक परामर्श सेवालाई प्राथमिकतामा राखी विभिन्न प्रभावकारी कार्यक्रमहरु सञ्चालन गरेको छ । मानसिक स्वास्थ्यसम्बन्धी सेवालाई समुदायस्तरसम्म विस्तार गर्ने उद्देश्यका साथ उपचार, परामर्श, जनचेतना तथा विद्यालय केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिएको कमल गाउँपालिका स्वास्थ्य शाखाले जनाएको छ।

कमल गाउँपालिकाको कमल नगर अस्पतालमा प्रत्येक महिनाको तेस्रो बुधबार मानसिक रोग विशेषज्ञ डा। नवराज कोइराला तथा उनको विशेषज्ञ टोलीबाट नियमित मानसिक स्वास्थ्य सेवा प्रदान हुँदै आएको छ। उक्त शिविरमार्फत मासिक रूपमा २५ देखि ३० जना मानसिक स्वास्थ्य समस्या भएका बिरामीले विशेषज्ञ सेवा तथा उपचार् लिँदै आएका छन् । यस कार्यक्रमले स्थानीय नागरिकलाई सहज, सुलभ तथा गुणस्तरीय मानसिक स्वास्थ्य सेवा आफ्नै पालिकामा उपलब्ध गराएको छ ।

यसैगरी, २०८२ साल मंसिर १ गतेदेखि कमल गाउँपालिकाले मनोसामाजिक परामर्शकर्ता मुना भट्टराई लाई नियुक्त गरी समुदायस्तरमा मनोसामाजिक तथा मानसिक स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । समुदायमा परामर्श सेवा, जनचेतना तथा जोखिममा रहेका व्यक्तिहरूलाई आवश्यक मनोसामाजिक सहयोग प्रदान गरिँदै आएको भट्टराईले जानकारी दिइन् ।

विद्यालयस्तरमा विद्यार्थीहरुको मानसिक स्वास्थ्य सुदृढीकरण गर्ने उद्देश्यले २०८३ साल जेठ र असार महिनामा सञ्चालन गरिएको विद्यालय मनोसामाजिक तथा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम अन्तर्गत ३१२ जना विद्यार्थीलाई मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन, भावनात्मक सन्तुलन, आत्मविश्वास अभिवृद्धि तथा आवश्यक परेमा सहायता खोज्ने उपायका विषयमा अभिमुखीकरण प्रदान गरिएको थियो ।

त्यसैगरी, २०८२ साल फाल्गुन महिनामा कमल गाउँपालिकाका सातवटै वडामा मनोसामाजिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो। स्वास्थ्यकर्मी तथा मनोसामाजिक परामर्शकर्ताको संयुक्त सहजीकरणमा सम्पन्न कार्यक्रमबाट १७५ जना नागरिक लाभान्वित भएका थिए। कार्यक्रममा मानसिक स्वास्थ्य समस्याको पहिचान, समयमै उपचारको आवश्यकता, आत्महत्याको जोखिम न्यूनीकरण तथा परिवार र समुदायको भूमिकाबारे जानकारी प्रदान गरिएको कमल गाउँपालिका स्वास्थ्य शाखा प्रमुख दिपक प्रसाद दाहाल ले जानकारी दिए । यसैगरी, २०८२ साल मंसिर महिनामा कमल गाउँपालिकाका ७ वटा विद्यालयमा समूह गठन गरी मानसिक स्वास्थ्यसम्बन्धी विद्यालय अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममार्फत ४०० जना विद्याथी लाई मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन, सकारात्मक सोच, आत्मसम्मान अभिवृद्धि तथा आवश्यक परामर्श सेवाको पहुँचबारे

बाँकी 8 पेजमा

# दुर्गेश थापाले मास्टर्नी हटाए





गायक तथा सर्जक दुर्गेश थापाले विवादमा परेको 'मास्टर्नी' गीतप्रति शिक्षक तथा दर्शकको भावना आहत भएको स्वीकार गर्दै सार्वजनिक रूपमा क्षमायाचना गरेका छन्। साथै उनले उक्त गीत आफ्नो युट्युब च्यानलसहित सबै सामाजिक सञ्जालबाट हटाएको जानकारी दिएका छन्।

शुक्रबार सामाजिक सञ्जालमार्फत सार्वजनिक वक्तव्य जारी गर्दै थापाले चलचित्र 'मास्टर्नी' को प्रचारका लागि तयार गरिएको सांगीतिक सामग्रीप्रति दर्शक, शिक्षक, शुभचिन्तक तथा सरोकारवालाबाट आएका सुझाव, आलोचना र प्रतिक्रियालाई सम्मानपूर्वक स्वीकार गरेको बताएका हुन् । उनले गीतको उद्देश्य कुनै पनि पेशा, व्यक्तित्व वा कसैको भावनामा चोट पुऱ्याउने नभई चलचित्रको प्रचारलाई मनोरञ्जनात्मक शैलीमा प्रस्तुत गर्नु रहेको स्पष्ट पारे।

गीतका केही शब्द र प्रस्तुतीकरणका कारण शिक्षक–शिक्षिका तथा गुरूजनको भावनामा ठेस पुगेको महसुस भएको उल्लेख गर्दै थापाले आफू र सम्पूर्ण निर्माण टोलीका तर्फबाट क्षमायाचना गरेका छन्। शिक्षकलाई समाजका मार्गदर्शक, ज्ञानका दीप तथा सम्मानका पात्र भएको उल्लेख गर्दै उनले उनीहरूप्रति आफ्नो सम्मान सधैं कायम रहने बताएका छन् । थापाले दर्शकको भावनालाई सम्मान गर्दै 'मास्टर्नी' गीत आफ्नो आधिकारिक युट्युब च्यानल तथा अन्य सामाजिक सञ्जालबाट हटाइएको जानकारी दिएका छन् । आगामी दिनमा प्राप्त सुझावलाई आत्मसात गर्दै थप जिम्मेवार, उत्कृष्ट र दर्शकको मन जित्ने सिर्जना लिएर आउने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन्।




अभिनेत्री मनिषा कोइरालाको चर्चित बलिउड फिल्म १९४२ : अ लभ स्टोरी ३२ वर्षपछि पुनः सिनेमाघरमा प्रदर्शन हुने भएको छ । फिल्मलाई अत्याधुनिक प्रविधिमार्फत ८ के मा डिजिटल रूपमा पुनः रिस्टोर गरेर प्रदर्शनमा ल्याउन लागिएको हो । साथै, यसको ध्वनिलाई डोल्बी ५.१ मा पुनः तयार पारिएको छ। निर्माण पक्षले चाँडै नै फिल्म पुनः प्रदर्शनमा ल्याउने घोषणा गरेको हो । १९४२: अ लभ स्टोरी सन् १९९४ मा प्रदर्शनमा आएको थियो। फिल्मको ३२ वर्ष पूरा भएको अवसरमा यसलाई पुनः प्रदर्शनमा ल्याउन लागिएको हो।

फिल्मको पुनः प्रदर्शनको घोषणा भएसँगै मनिषाले सामाजिक सञ्जालमार्फत खुसी व्यक्त गरेकी छन्। उनले ३२ वर्षअघि यो फिल्मले दर्शकको मनमा विशेष स्थान बनाएको स्मरण गर्दै प्रेम, आशा, त्याग र देशभक्तिको कालजयी कथा आज पनि पुस्तौंपुस्तासम्म जीवित रहेको उल्लेख गरेकी छन्। उनले ८ केमा पुनः रिस्टोर गरिएको र डोल्बी ५.१ ध्वनिसहित फिल्मलाई नयाँ जीवन दिइएको देख्दा आफू भावुक भएको उल्लेख गरेकी छन्।

मनिषाले नयाँ पुस्ताले पनि '१९४२: अ लभ स्टोरी' लाई ठूलो पर्दामै, यसको वास्तविक अनुभवसहित हेर्न पाउने विश्वास व्यक्त गरेकी छन्।

विदु विनोद चोपडाको निर्देशन रहेको १९४२: अ लभ स्टोरी मा मनिषा कोइराला, अनिल कपूर र ज्याकी श्राफको मुख्य भूमिका छ। आर.डी. बर्मनको संगीत, प्रभावशाली कथा र कलाकारहरूको अभिनयका कारण यो फिल्म बलिउडका चर्चित क्लासिकमध्ये एक मानिन्छ ।

विशेषगरी एक लड्की को देखा तो ऐसा लगा जस्ता लोकप्रिय गीत र मनिषा–अनिलको जोडीको अनस्क्रिन प्रेमकथाका लागि आज पनि सम्झिने गरिन्छ । १९४२ : अ लभ स्टोरी को पुनः प्रदर्शन मिति भने निर्माणपक्षले सार्वजनिक गरेको छैन ।



# साप्ताहिक राशिफल

## साउन ३ गते आइतबारदेखि साउन ९ गते शनिबारसम्म



**ज्यो. दुर्गाप्रसाद भण्डारी**

**मेष** (चू,चे,चो,ला,लि,लू,ले,लो,अ) साताको सुरु र अन्तको समय राम्रो रहेकोले खाद्यान्न, गरगहना तथा निर्माण सामाग्रीको व्यापारबाट मनग्गे धन लाभ हुनेछ। व्यापार वा शेयर बजारमा लगानी बढाई धन आर्जन गर्न सकिनेछ। सानो प्रयत्नले उपलब्धिमूलक कामहरू गर्न सकिनेछ भने आफन्त तथा कुटुम्बको सहयोग पाइनेछ। ज्ञान, कला तथा साहित्यलाई निखार्न सकिनेछ। बिचार र बोलीले धेरैको मन जित्न सकिनेछ। परिवारका साथ रमाइलो यात्रा गर्न सकिनेछ। प्रेममा रमाउन चहानेहरुका लागी समय उत्तम रहेको छ। प्रणय सम्बन्धमा रमाउन चाहनेहरूका लागी समयले साथ दिनेछ भने जीवन साथीको सहयोगले नयाँ काम गर्न सकिनेछ। अध्ययनकै सवालमा यात्राको योग बन्नेछ। बुधबार र बिहीबार घरेलु समस्याले सताउने तथा आमाको स्वास्थ्यमा खराबी आउन सक्छ। आफन्त तथा आफ्नो भन्नेहरूले तपाईँको काममा बाधा तथा अवरोध गर्नेछन्। राजनीतिकर्मीका लागी समय अन्य दिनभन्दा मध्यम रहेको छ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वी,वू,वे,वो) साताको प्रारम्भमा धैर्य र व्यवहारिक सोचले विशेष लाभ दिलाउनेछ। आफ्नो लक्ष्यमा दृढ हुनुहुनेछ। कार्यक्षेत्रमा नयाँ अवसर प्राप्त हुनेछ। सुरुवात गरेको नयाँ कार्यमा सफलता मिल्नेछ। आफ्नो आत्मविश्वास बढ्दै जानाले मनमा शाान्ति मिल्नेछ। आर्थिक पक्ष बलियो रहनेछ। आयआर्जन बढ्नेछ। खर्च नियन्त्रणमा रहनेछ। बचत गर्ने अवसर मिल्नेछ। आफ्नो समय, धन र जिम्मेवारीलाई व्यवस्थित गर्न सफल हुँदा आत्मसन्तुष्टि बढ्नेछ। घरायसी आवश्यकताका विषयमा गरेको निर्णय दीर्घकालसम्म उपयोगी बन्न सक्छ। मध्य सातातिर जीवनशैलीमा सानो परिवर्तनले ठूलो सहजता ल्याउन सक्छ। यो साता लक्ष्मिमातालाई सेतो फूल अर्पण गरी घ्यूको दीप बाल्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हरियो हो भने शुभ अंक ४ र ६ रहेको छ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा) साताको प्रारम्भमा जिज्ञासा र सिक्ने इच्छाले समयलाई उपलब्धिमूलक बनाउनेछ। नयाँ विषय बुझ्ने, सीप बढाउने वा विचार आदानप्रदान गर्ने अवसर प्रशस्त रहनेछन्। बोलेको शब्दले राम्रो प्रभाव पार्ने भएकाले संवादमा स्पष्टता कायम राख्नु उपयुक्त हुनेछ। कुनै महत्त्वपूर्ण सूचना वा सन्देशले तपाईंको आगामी योजना परिवर्तन गर्न सक्छ। मध्य सातातिर लेखन, अध्ययन वा प्रस्तुतीकरणसँग सम्बन्धित कार्यमा विशेष सफलता प्राप्त हुनेछ। प्रेम सम्बन्ध सबल रहन्छ। आपसी विश्वास बढ्नेछ। मनका कुरा व्यक्त गर्न सहज होला। साताभरी गणेशजीलाई दूबो र जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग हरियो र फिक्का पहेँलो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डु,डे,डो) साताको प्रारम्भमा आफ्ना भावना र जिम्मेवारीबीच सन्तुलन कायम राख्न सक्नु नै सबैभन्दा ठूलो उपलब्धि हुनेछ। घरको वातावरणलाई व्यवस्थित बनाउन तपाईंको भूमिका महत्त्वपूर्ण बन्नेछ। नजिकका व्यक्तिको विश्वास जित्ने अवसर प्राप्त हुनेछ। पहिलाका अनुभवले अहिले सही निर्णय लिन सहयोग गर्नेछन्। मध्य सातातिर घर, जमिन वा पारिवारिक व्यवस्थापनसँग सम्बन्धित विषयमा ध्यान दिनुपर्ने हुन सक्छ। आफ्ना प्रियजनका लागि गरेको सानो प्रयासले ठूलो खुसी ल्याउन सक्छ। साताभरी मनमा शान्ति र सन्तोषको अनुभूति हुने योग रहेको छ। साताभरी भोलेनाथको आराधना गरी ॐ नमः शिवाय मन्त्र जप गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग सेतो र हल्का निलो हो भने शुभ अंक २ र ८ रहेको छ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे) तपाईंको व्यक्तित्व र नेतृत्व क्षमताले यो साता विशेष प्रभाव छोड्नेछ। अरूले पन्छिएका जिम्मेवारी तपाईंले सफलतापूर्वक सम्हाल्न सक्ने अवस्था बन्नेछ। आफ्नो निर्णयमा दृढ रहँदा सम्मान र विश्वास दुवै बढ्नेछ। मध्य सातातिर नयाँ लक्ष्य निर्धारण गर्ने प्रेरणा मिल्नेछ। प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गर्ने अवसर प्राप्त हुनेछ। हरेक काममा धैर्य र आत्मविश्वासको सन्तुलन कायम राख्न सके राम्रो उपलब्धि हात पर्नेछ। प्रतिष्ठासँग जोडिएका विषयमा सकारात्मक परिवर्तन देखिने योग रहेको छ।आइतबार सूर्यलाई तामाको पात्रबाट जल अर्पण गरी दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग निलो र रातो हो भने शुभ अंक १ र ७ रहेको छ।

**कन्या** (टो,पा,पी,पु,ष,ण,ठ,पे,पो) साताको प्रारम्भमा व्यवस्थित योजना र सूक्ष्म विश्लेषणले तपाईंलाई अरूभन्दा एक कदम अगाडि राख्नेछ। अधुरा कागजी काम, हिसाब किताब पूरा गर्ने योग साताभरी रहिरहनेछ। साताको मध्यमा अनुभवभन्दा पनि तयारीले राम्रो परिणाम दिलाउनेछ। दैनिक कार्यतालिकामा सुधार ल्याउँदा कामको चाप सहज रूपमा सम्हाल्न सकिनेछ। आफ्नो सीपलाई अझ निखार्ने अवसर प्राप्त हुनेछ। साताको अन्त्यमा मन हलुका हुने गरी कुनै पुर ानो जिम्मेवारीबाट मुक्त हुने अवस्था बन्न सक्छ। दुर्गामाताको आराधना गरेर कार्य थालनि गर्दा कार्यसफल हुनेछ। यो साताको शुभ रंग हरियो र पहेलो हो भने शुभ अंक १ र ३ रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते) साताको अधिकांश समय राम्रो रहेकोले सकारात्मक सोचको विकास हुनेछ भने नयाँ प्रविधिको प्रयोग गरी समय अनुसार अपडेट हुन सकिनेछ। कामको खोजिमा हुनेहरूले नयाँ काम पाउने तथा गरिरहनेहरू बढुवा हुन सक्ने योग रहेको छ। लामो समयदेखि रोकिएका कामहरू बन्नुको साथै गरिरहेको कामबाट मनग्गे आम्दानी हुनेछ। समाजमा तारिफयोग्य काम गरी नाम कमाउन सकिनेछ भने सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्नेछ। व्यापार, शेयर बजार तथा औद्योगिक क्षेत्रमा लगानी गरी थोरै भए पनि नाफा कमाउन सकिनेछ। आफन्त तथा जीवनसाथीको साथ पाइने हुनाले मन प्रसन्न हुनेछ। उच्च शिक्षाको लागी लामो दुरीको यात्रा हुनेछ। व्यापार तथा शेयर बजारमा लगानी गर्ने समय रहेको छ। घरायसी सुख सुविधा भरपुर मात्रामा प्रयोग गर्न पाइनेछ। साताको सुरु अर्थात आइतबार यात्रा गर्दा, सवारी साधन तथा घरायसी औजारहरूको प्रयोग गर्दा ध्यान दिनुहोला।

**वृश्चिक**(तो,ना,नी,नू,ने,नो,या,यी,यू) साताको समय राम्रो रहेकोले शुभ चिन्तकहरूको सहयोग तथा सद्भाव पाइने हुनाले समयमा नै कामहरू सम्पन्न हुनेछन्। रमाइलो तथा पारिवारिक माहौलमा दिन बित्नेछ भने मिष्ठान्न भोजन ग्रहण गर्ने अवसर प्राप्त हुनेछ। व्यापार, शेयर बजार तथा उद्योगमा सानो लगानीबाट पनि धन आर्जन गर्न सकिनेछ। अध्ययनमा तपाईँको नाम अग्र स्थानमा आउनेछ। भौतिक साधन स्रोत तथा उपकरण जुट्नाले दैनिक काम गर्न सहज हुनेछ। प्रेम तथा मित्रताको बन्धन कसिलो भएर जानेछ। प्रशासनिक क्षेत्रमा तपाईंको वर्चस्व रहनेछ भने सामाजिक उत्तरदायित्व बहन गर्ने समय रहेको छ। धार्मिक प्रतिष्ठान तथा मन्दिर तिरको यात्रा गरी टीका तथा प्रसाद ग्रहण गर्ने अवसर जुर्नेछ। लामो दुरीको शैक्षिक तथा धार्मिक यात्राको प्रबल सम्भावना रहेको छ। भाग्यले साथ दिने हुँदा थोरै लगानीबाट पनि प्रशस्त रुपैयाँ पैसा कमाउन सकिने तथा आर्थिक रूपमा सबल हुने ग्रहयोग रहेको छ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे) साताको प्रारम्भमा लामो समयदेखि मनमा र हेको उद्देश्यलाई स्पष्ट रूप दिन अनुकूल वातावरण बन्नेछ। टाढाको योजना, अध्ययन वा अनुभव सम्बन्धित विषयले विशेष प्राथमिकता पाउनेछन्। साताको मध्यतिर अनुभवी व्यक्तिसँगको भेटघाटले सोच्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। साताको अन्त्यतिर वैवाहिक मधुरता बढ्नेछ भने दाम्पत्य जीवनमा आपसी समझदारी कायम रहनेछ। पारिवारिक सहयोगले आत्मविश्वास बढ्नेछ। स्वास्थ्य सामान्यतया राम्रो रहने भए पनि खानपान र आराममा ध्यान दिनु उचित हुनेछ। बिहीबार भगवान् विष्णुलाई तुलसी अर्पण गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गुलाबी र सेतो हो भने शुभ अंक ३ र ७ रहेको छ।

**मकर** (भो,जा,जी,जू,जे,जो,ख,खी,खू,खे,खो,गा,गी) साताको प्रारम्भमा अनुशासन र निरन्तरताको परीक्षा हुने समय रहनेछ। अरूले नदेखेका साना कामलाई पनि जिम्मेवारीपूर्वक पूरा गर्दा ठूलो उपलब्धिको आधार तयार हुनेछ। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुनेछ। साताको मध्यमा पुरानो अनुभवले कठिन निर्णयलाई सहज बनाउन मद्दत गर्नेछ। भाग्यले साथ दिने योग साताभरीनै रहनेछ। रोकिएका काम पूरा हुनेछन्। प्रेम सम्बन्धमा विश्वास र आत्मीयता बढ्नेछ। परिवारमा खुसीको वातावरण रहनेछ। स्वास्थ्यप्रति सचेत रहँदा दिन अझ सुखद रहनेछ। साताको अन्त्यमा आफुले गरेको मेहनतको मूल्य प्राप्त गर्ने अवसर मिल्नेछ। शनिबार पीपलको रुखमा जल अर्पण गरी दीप प्रज्वलन गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग गाढा निलो र खैरो हो भने शुभ अंक १ र ४ रहेको छ।

**कुम्भ** (गू,गे,गो,सा,सी,सू,से,सो,दा) साताको प्रारम्भमा भविष्यलाई लक्षित गरी बनाइएका योजनाले विस्तारै आकार लिन थाल्नेछन्। सिर्जनात्मक कार्यमा सफलता प्राप्त हुनेछ। नयाँ सम्पर्क लाभदायी बन्नेछ। साताको मध्यमा आर्थिक पक्षमा सुधार आउनेछ। व्यापारिक निर्णयबाट लाभ मिल्ने योग छ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्।स्वास्थ्य सन्तुलित रहनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ। साताको अन्त्यमा आत्मसन्तुष्टि दिने उपलब्धि हासिल गर्न सकिनेछ। शनिबार दिनदुखिलाई सेवा गरेर दिनको प्रारम्भ गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग आकाशे निलो र बैजनी हो भने शुभ अंक ६ र ९ रहेको छ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची) साताको प्रारम्भमा कला, साहित्य, संगीत वा आध्यात्मिक विषयमा रुचि अझ गहिरो बन्न सक्छ। समयको सदुपयोगले ठूलो उपलब्धि दिलाउनेछ। आर्थिक उन्नतिको संकेत देखिन्छ। नयाँ काम सुरु गर्न अनुकूल समय रहनेछ। स्वास्थ्य सबल रहनेछ। परिवारबाट प्रेरणा प्राप्त हुनेछ। साताको मध्यमा सेवा, सहयोग वा परोपकारसँग सम्बन्धित कामले आत्मिक सन्तुष्टि दिलाउन सक्छ। साताको अन्त्यमा एकान्तमा बिताएको केही समयले मनलाई शान्त र ऊर्जावान बनाउनेछ। माता पार्वतीको आराधना र प्रार्थना गर्नु शुभ रहनेछ। यो साताको शुभ रंग पहेँलो शाही निलो हो भने शुभ अंक ४ र ८ रहेको छ।



# स्मार्ट विद्यालयको अवधारणा अनुसार बघि बढदै शिवसताक्षी

**दुधे**/ झापाको शिवसताक्षी नगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा 'स्मार्ट विद्यालय अवधारणा अघि सार्दै सूर्योदय आधारभूत विद्यालयलाई २३ लाख ५) हजार ?पैयाँ बराबरको इलेक्ट्रोनिक भ्यान (ई-भ्यान) प्रदान गरेको छ ।

यसै साता नगरपालिकाको परिसरमा आयोजित कार्यक्रममा नगरप्रमुख मेगाहाङ्ग थोप्रा, उपप्रमुख नरमाया काकी र प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाङफेले संयुक्त ?पमा वडा नं ५ स्थित सुर्योदय आधारभूत विद्यालयकी प्रधानाध्यापक सुभद्रा दुलाल कोइराला र पूर्व प्रधानाध्यापक जगतविर लिम्बुलाई ई-भ्यानको साँचो हस्तान्तरण गरेका हुन् ।

विद्यालयमा अध्ययनरत विद्याथीहरूलाई विद्यालयसम्म सुरक्षित, सहज र नियमित आवतजावतको सुविधा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाको 'स्मार्ट विद्यालय निर्माण' कार्यक्रमअन्तर्गत ई-भ्यान खरिद गरिएको नगर प्रमुख मेगाहाङ थोप्राले जानकारी दिए ।

नगर शिक्षा शाखाका प्रमुख छवि ढकालका अनुसार ई-भ्यान खरिदका लागि शिवसताक्षी नगरपालिकाले १० लाख रुपैयाँ, वडा नं ५ कार्यालयले १) लाख रुपैयाँ र विद्यालयले ३ लाख ५० हजार रुपैयाँ लागत साझेदारी गरेका हुन् । । कुल २३ लाख ५० हजार ?पैयाँको लागतमा ई-भ्यान विद्यालयलाई उपलब्ध गराइएको उनले जानकारी दिए ।

कार्यक्रममा नगरपालिकाले अन्य सामुदायिक विद्यालयहरूलाई पनि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सामग्री हस्तान्तरण गरेको छ । सोही क्रममा राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयलाई ५ थान डेक्टप कम्प्युटर, भानु माध्यमिक विद्यायल पाराबारीलाई १ थान ल्यापटप, ३ थान डेस्कटप कम्प्युटर र १ थान प्रिन्टर प्रदान गरिएको छ। त्यस्तै बालनिकुञ्ज माध्यमिक विद्यालयलाई १ थान ल्यापटप, ३ थान डेस्कटप कम्प्युटर र भगवती माध्यमिक विद्यालय, व्याङ्गडाँडालाई १ थान स्मार्ट टिभी हस्तान्तरण गरिएको नगरपालिकाले जनाएको छ। सामग्री हस्तान्तरण कार्यक्रममा नगरप्रमुख मेगाहाङ्ग थोप्राले सामुदायिक विद्यालयलाई गुणस्तरीय, प्रविधिमैत्री र प्रतिस्पधी बनाउन नगरपालिकाले विगतदेखि निरन्तर लगानी गर्दै आएको बताए । उनले भने, 'शिवसताक्षी नगरपालिकाले अघि सारेको 'स्मार्ट विद्यालय' अवधारणाले छोटो समयमै सकारात्मक परिणाम देखाउन थालेको छ। विद्यालयमा प्रविधिको पहुँच विस्तार भएसँगै शिक्षण-सिकाइ थप प्रभावकारी बन्दै गएको छ । शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र वडा कार्यालयबीचको सहकार्यलाई अझ सुदृढ गर्दै गुणस्तरीय शिक्षाको वातावरण निर्माण गर्न सबैले हातेमालो गर्न आवश्यक छ ।

उनले प्रविधिसँगै विद्यालयको भौतिक पूर्वाधार विकासमा समेत नगरपालिकाले प्राथमिकता दिएको उल्लेख गर्दै यसबाट विद्यार्थीहरूले आधुनिक र गुणस्तरीय शिक्षा प्राप्त गर्ने विश्वास व्यक्त गरे । राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयका प्रधानाध्यापक गिरीराज सेर्माले विद्यालयमा रहेका केही पुराना डेस्कटप कम्प्युटर प्रयोग गर्न नसकिने अवस्थामा रहेको बताउँदै नगरपालिकाबाट प्राप्त नयाँ कम्प्युटरपछि विद्यालयमा कुल १३ वटा कम्प्युटर सञ्चालनमा आउने जानकारी दिए । यसले विद्याथीहरूको कम्प्युटर शिक्षालाई थप सहज, प्रभावकारी र व्यवहारिक बनाउने उनको भनाइ थियो । नगर शिक्षा शाखाका प्रमुख छवि ढकालका अनुसार आर्थिक वर्ष २०८२/२०८३ मा 'स्मार्ट विद्यालय निर्माण' कार्यक्रमअन्तर्गत प्रविधि हस्तान्तरणका लागि ५० लाख ७ हजार रुपैयाँ खर्च गरिएको छ। केही सामग्री यस कार्यक्रममार्फत हस्तान्तरण गरिएको र बाँकी सामग्री नगरमा आइपुगेपछि अन्य विद्यालयहरूलाई पनि क्रमश: वितरण गरिने उनले जानकारी दिए । उनका अनुसार यही कार्यक्रमअन्तर्गत बालसेवा माध्यमिक विद्यालय, भगवती माध्यमिक विद्यालय, बालनिकुञ्ज माध्यमिक विद्यालय, लालपानी माध्यमिक विद्यालय, लक्ष्मीनारायण माध्यमिक विद्यालय तथा झिलझिले माध्यमिक विद्यालयलगायतका विद्यालयमा कक्षाकोठा निर्माण सम्पन्न भइसकेको छ। आगामी दिनमा प्रविधि विस्तारसँगै विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधार विकासलाई अझ तीव्रता दिइने नगरपालिकाको योजना रहेको छ। कार्यक्रममा नगर उपप्रमुख नरमाया काकी, प्रमुख प्रशासकीय अधिकृत सुनिता तुम्बाहाङ्फे, लेखा शाखा प्रमुख प्रकाश योङ्हाङ,वडा नं ५ का वडाध्यक्ष सिकिन पासवान लगायत शिक्षकहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन नगर शिक्षा शाखाका प्रमुख छवि ढकालले गरेका थिए ।

**कमल......** सचेतना प्रदान गरिएको थियो।

मानसिक स्वास्थ्य सेवालाई समुदायको घरदैलोसम्म पुर्याउने उद्देश्यले कमल गाउँपालिकाले २० जना मानसिक रोग भएका बिरामीहरूको घरमै पुगेर मनोसामाजिक परामर्श सेवा समेत प्रदान गरेको छ । घर भ्रमणमार्फत परामर्श प्राप्त गर्नेमध्ये १७ जना महिला र ३ जना पुरूष रहेका थिए । परामर्श प्राप्त गरेका व्यक्तिहरूमध्ये १२ जना चिन्ताजन्य समस्या , ६ जना उदासीनता तथा २ जना विकृत तनावबाट प्रभावित रहेको तथ्यांक प्राप्त भएको स्वास्थ्य शाखाले जनाएको छ । घरमै पुगेर प्रदान गरिएको परामर्श सेवाले बिरामी तथा परिवारलाई मानसिक स्वास्थ्यप्रति सकारात्मक सोच विकास गर्न तथा उपचार प्रक्रियामा निरन्तरता दिन महत्वपूर्ण सहयोग पुगेको स्वास्थ्य शाखाले जनाएको छ ।

कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले मानसिक स्वास्थ्यलाई समग्र स्वास्थ्य सेवाको महत्वपूर्ण अंगका रूपमा लिँदै आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिएका कार्यक्रमहरु प्रभावकारी भएको बताए । उनका अनुसार आर्थिक वर्ष २०८३/०८४ मा पनि स्वास्थ्य शाखा, महिला तथा बालबालिका शाखा, सामी परियोजना, रेमी परियोजना तथा कमल नगर अस्पताल बीचको समन्वयमा मानसिक स्वास्थ्य प्रवर्द्धन, मनोसामाजिक परामर्श, विद्यालय तथा समुदाय केन्द्रित जनचेतना कार्यक्रमहरूलाई थप विस्तार गर्दै निरन्तर सञ्चालन गरिनेछ । मानसिक स्वास्थ्यसम्बन्धी सेवा नागरिकको सहज पहुँचमा पुर्याई स्वस्थ, सचेत र मानसिक रूपमा सबल समुदाय निर्माण गर्ने दिशामा कमल गाउँपालिका निरन्तर प्रतिबद्ध रहेको अध्यक्ष राईको भनाई छ ।




आइतबार राति हुने फिफा विश्वकप फुटबलको फाइनल खेलको टिकट अमेरिकी खेलकुद इतिहासकै सबैभन्दा महँगो हुने भएको छ । अर्जेन्टिना र स्पेनबीच हुने फाइनलका लागि टिकटको औसत मूल्य ११ हजार ३२७ अमेरिकी डलर (करिब १७ लाख ४३ हजार रूपैयाँ) पुगेको छ ।

अमेरिकी सञ्चारमाध्यम यूएसए टुडेका अनुसार टिकपिक, स्टबहब, सिटगिक र गेमटाइमजस्ता सेकेन्डरी टिकट बजारमा समेत सबैभन्दा सस्तो टिकटको मूल्य ७ हजार ३०० देखि ८ हजार अमेरिकी डलरसम्म पुगेको छ ।

अमेरिकाको न्युजर्सीस्थित इस्ट रदरफोर्डको मेटलाइफ स्टेडियममा हुने फाइनलमा विश्व फुटबलका दुई शक्तिशाली टोली अर्जेन्टिना र स्पेन आमनेसामने हुँदैछन्। अर्जेन्टिनाका कप्तान लियोनल मेसी सम्भावित अन्तिम विश्वकपमा अर्को उपाधि जित्ने लक्ष्यमा छन् भने स्पेन दोस्रो पटक विश्व च्याम्पियन बन्ने प्रयासमा छ।

यिनै कारणले फाइनल प्रत्यक्ष हेर्न चाहने दर्शकको माग अत्यधिक बढेको बताइएको छ। टिकट बिक्री कम्पनी टिकपिकका अनुसार यसपटकको विश्वकप फाइनल अमेरिकी इतिहासकै सबैभन्दा महँगो खेलकुद प्रतियोगिताको टिकट बनेको छ।

टिकपिकका उपाध्यक्ष म्याट फेरेलले यो विश्व फुटबलको ऐतिहासिक क्षण भएकाले टिकटको माग अभूतपूर्व रूपमा बढेको बताए। उनका अनुसार फाइनलमा जुनसुकै टोली पुगे पनि टिकटको माग उच्च हुने अपेक्षा गरिए पनि अर्जेन्टिना र स्पेनको भेटपछि मूल्य थप चुलिएको हो। बिहीबारसम्म टिकपिकमा सबैभन्दा सस्तो टिकट ७ हजार ४०२ डलरमा उपलब्ध थियो। स्टबहबमा ८ हजार १८ डलर, गेमटाइममा ७ हजार ३६२ डलर र सिटगिकमा ७ हजार ७१९ डलरसम्म मूल्य पुगेको छ। फेरेलका अनुसार सेमिफाइनलअघि फाइनल टिकटको न्यूनतम मूल्य करिब ६ हजार डलर रहेको थियो। अर्जेन्टिना र स्पेनले फाइनलमा स्थान सुरक्षित गरेपछि टिकटको मूल्य थप वृद्धि भएको हो। अमेरिकामा फुटबलप्रतिको बढ्दो आकर्षण, विश्वकप फाइनलको महत्व तथा मेसीको सम्भावित अन्तिम विश्वकपजस्ता कारणले पनि टिकटको माग असाधारण रूपमा बढेको विश्लेषण गरिएको छ । फेरेलका अनुसार सेमिफाइनल र फाइनलबीचको छोटो समयका कारण टिकटको मूल्य घट्ने सम्भावना न्यून छ । बरू अन्तिम समयमा थप माग बढेमा मूल्य अझै बढ्न सक्ने अनुमान गरिएको छ ।




गर्मी याममा उच्च तापक्रमका कारण खाना छिट्टै बिग्रन्छ र दूषित पानी तथा अस्वच्छ खानाका कारण बालबालिकामा झाडापखाला (म्ष्बचचजभब) र फुड पोइजनिङ (Food Poisoning) हुने जोखिम बढ्छ। केही सरल बानीले यो जोखिम धेरै हदसम्म घटाउन सकिन्छ।

यी स्वस्थ बानीहरु दैनिक अपनाऔं:

- ■ खाना खानुअघि र शौचालय प्रयोग पछि साबुन पानीले कम्तीमा २० सेकेन्ड हात धुन सिकाऔं।
- ■ उमालेको वा सुरक्षित पिउने पानी मात्र प्रयोग गरौं।
- ■ ताजा पकाएको खाना मात्र खुवाऔं। धेरैबेर बाहिर राखिएको खाना नखुवाउनुहोस्।
- ■ जीवाणु सार्न नदिन पकाएको र काँचो खाना छुट्टाछुट्टै राखौं ।
- ■ फलफूल र सलाद राम्रोसँग धोएर मात्र खुवाऔं ।
- ■ झिँगा र धुलोबाट बचाउन खानालाई सधैं छोपेर राखौं ।
- ■ दूध, दही र मासुजन्य परिकार उचित तापक्रममा सुरक्षित राखौं।
- ■ सडक छेउका खुला तथा अस्वच्छ खाना बालबालिकालाई नखुवाऔं।
- ■ बच्चाको खाने भाँडा, बोतल र चम्चा सधैं सफा गरेर राखौं ।

बच्चालाई प्रशस्त सुरक्षित पानी पिउन र गर्मीमा शरीर हाइड्रेटेड राख्न प्रेरित गरौं।

यी लक्षण देखिएमा तुरून्त स्वास्थ्य संस्थामा जानुहोस् :

- ♦ बारम्बार पातलो दिसा
- ♦ बारम्बार बान्ता
- ♦ दिसामा रगत देखिनु
- ♦ अत्यधिक तिर्खा, आँखा भासिनु वा बच्चा सुस्त हुनु
- ♦ उच्च ज्वरो

झाडापखाला सुरू भएमा इच्क् दिनु पर्छ , स्तनपान गराइरहनुहोस् र चिकित्सकको सल्लाह बिना एन्टिबायोटिकर ब्लतष्दष्यतष्अक प्रयोग नगर्नुहोस् । ।

*(स्रोत : डा. तोसिमा कार्कीको फेसबुक वालबाट साभार)*

# साधुहोली सिमसार: प्रकृति र पर्यटनको संगम

झापा जिल्लाको कमल गाउँपालिका-५ मा अवस्थित साधुहोली सिमसार ऐतिहासिक, धार्मिक र प्राकृतिक सम्पदाले भरिपूर्ण क्षेत्र हो । उत्तरतर्फ इलामको चुलाचुली गाउँपालिकासँग जोडिएको चुरे क्षेत्र, पूर्वमा लखनपुर तथा पश्चिम र दक्षिणमा दमकसँग सीमा जोडिएको यो सिमसार पछिल्लो समय पूर्वमा उदाउँदो पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको छ ।

स्थानीयहरूका अनुसार प्राचीनकालमा साधु-सन्तहरूले तपस्या तथा विश्राम गर्ने स्थलका रूपमा परिचित भएकाले यस क्षेत्रको नाम साधुहोली रहन गएको मानिन्छ । चुरेको काखमा अवस्थित यो सिमसार प्राकृतिक जलस्रोत, वन्यजन्तु, चराचुरुङ्गी र हरियाली वातावरणका कारण जैविक विविधताको महत्वपूर्ण केन्द्र पनि हो।

विगतमा यो क्षेत्र खुला चरनभूमिका रूपमा परिचित थियो । स्थानीय बासिन्दाले मुख्यतः गाईभैंसी चराउन र सामान्य प्राकृतिक उपयोगका लागि मात्रै प्रयोग गर्ने गरेका थिए । तर पछिल्ला वर्षहरूमा यसको प्राकृतिक, ऐतिहासिक र धार्मिक महत्वलाई उजागर गर्दै व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने अभियान सुरु भएको छ ।

कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईको नेतृत्व र पहलमा साधुहोली सिमसारलाई थप आकर्षक र व्यवस्थित बनाउने काम निरन्तर अघि बढिरहेको छ । यहाँ पर्यटकका लागि आवश्यक पूर्वाधार निर्माण, सौन्दर्यीकरण तथा संरक्षणका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

पछिल्ला केही वर्षयता कमल गाउँपालिका, स्थानीय समुदाय र विभिन्न संघसंस्थाको पहलमा साधुहोली सिमसारलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने काम तीव्र रूपमा अघि बढिरहेको छ ।

सिमसार क्षेत्रको संरक्षणसँगै पर्यटन पूर्वाधार निर्माणमा जोड दिइएको छ । अवलोकन स्थल, पदमार्ग, विश्रामस्थल, पार्क, आकर्षक फोटो स्पट, डुङ्गा सञ्चालन तथा पारिवारिक घुमफिरका लागि आवश्यक संरचना निर्माण गरिँदै छन् । यसले आन्तरिक पर्यटक उल्लेखनीय रूपमा बढाएको छ ।

विशेषगरी दमक, उर्लाबारीसहित पूर्वका विभिन्न स्थानबाट निशुल्क यहाँको प्राकृतिक रूपमानै उभ्रिएको पानीमा पौडीको मज्जा लिँदै दैनिक रूपमा घुम्न आउने आगन्तुकको संख्या बढ्दै गएको छ ।

बिहान र साँझ चुरे पहाडको काखमा फैलिएको सिमसारको दृश्य, हरियाली वन, शान्त वातावरण तथा




चराचुरुङ्गीको चहलपहलले पर्यटकलाई लोभ्याउने गरेको छ । प्रकृतिसँग समय बिताउन चाहने, फोटोग्राफी गर्ने तथा परिवारसँग मनोरञ्जन लिन चाहनेका लागि यो उपयुक्त गन्तव्य बन्दै गएको छ । साधुहोली सिमसारको विकासले व्यापार व्यवसायमा समेत आकर्षण बढाएको छ । यसले अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पार्न थालेको छ । पर्यटनसँग सम्बन्धित साना व्यवसाय, स्थानीय कृषि उत्पादनको बिक्री, होटल तथा खानपान व्यवसाय विस्तार हुने क्रम बढिरहेको छ । साथै, स्थानीय समुदायमा सिमसार संरक्षणप्रति सचेतना पनि बढ्दै गएको साधुहोली सिमसार संरक्षण र दिगो व्यवस्थापनमा क्रियाशील स्थानीय अगुवा उमेश तुम्रोक (लिम्बु)बताउँछन् ।

यसलाई निरन्तरता दिन सकिएमा साधुहोली सिमसारले भविष्यमा आन्तरिकसँगै बाह्य पर्यटकलाई समेत आकर्षित गर्ने गन्तव्यका रूपमा आफ्नो छुट्टै पहिचान बनाउन सक्ने देखिन्छ ।

यो क्षेत्र वन क्षेत्रभित्र पर्ने भएकाले कानुनी प्रक्रियाका कारण विकास निर्माणका कतिपय योजना सहज रूपमा कार्यान्वयन गर्न चुनौती रहेको अध्यक्ष राई बताउँछन्। उनका अनुसार आवश्यक योजना र बजेटको व्यवस्था भए पनि वनसम्बन्धी कानुनी प्रावधानका कारण केही संरचना निर्माणमा ढिलाइ भएको छ ।

अध्यक्ष राईका अनुसार, साधुहोली सिमसारको संरक्षणलाई प्राथमिकतामा राख्दै सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय, संवाद र परामर्श भइरहेको छ । अध्यक्ष राई भन्छन- कानुनी प्रक्रिया पूरा गर्दै यस क्षेत्रलाई अझ व्यवस्थित, आकर्षक र दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने हाम्रो लक्ष्य हो ।

प्राकृतिक सौन्दर्य, ऐतिहासिक विरासत र धार्मिक महत्वलाई संरक्षण गर्दै पर्यटनसँग जोड्न सकिए यस क्षेत्रले झापाको मात्र नभई कोशी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने प्रशस्त सम्भावना बोकेको छ ।

# सिंहदेवी देवस्थलमा सरसफाई



**दमक/** झापाको दमक-१० मा रहेको सिंहदेवी देवस्थलमा जनसहभागितामा सरसफाई गरिएको छ ।

सिंह देबि देवस्थल समितिको आयोजनामा शनिबार देवस्थल परिसरमा रहेको ऐतिहासिक पोखरीको सरसफाई गरिएको हो । देवस्थल समितिले आयोजना गरेको सो सरसफाई अभियानका क्रममा पोखरीमा रहेको जलकुम्भी तथा झार झोडेर निकालिएको छ । स्थानीय स्तरमा रहेका ऐतिहासिक प्राकृतिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका स्थलको संरक्षण सम्बर्द्धन गर्ने उदेश्यले देवस्थलमा रहेको प्राकृतिक पोखरी सरसफाई गरिएको देवस्थल समितिका अध्यक्ष डिल्लीराम भण्डारीले जानकारी दिए ।

सरसफाई अभियानमा श्रम सस्कृती पार्टे दमक नगरका साथै १० नम्बर वडा समिती, सशस्त्र प्रहरीबल, दमक नगर प्रहरी विभिन्न राजनीतिक दल, संगम स्पोर्टिङ क्लब, लगायत विभिन्न संघ सस्थाहरूको सहभागिता रहेको समितिका सचिव दिनेश भण्डारीले जानकारी दिए । पोखरीको सरसाफाई पछि यस क्षेत्रको सौर्न्दर्यकरणको काम गरिने भण्डारीले बताए ।

दमक १० मा रहेको यो पोखरी परापुर्बकाल देखिनै अतित्वमा रहेर धार्मिक मान्यता पाउदै आएको छ । परापुर्वकालमा यस पोखरीमा रातको समयमा सिंह निस्कने र यसै पोखरीमा नुहाउने पानी खाने गरेको किम्बदन्ती रहेको छ । यसैको आधारमा यसस्थानलाई सिंह देवस्थल भन्न थालिएको स्थानीय बयोबृद्ध जानकरहरूले बताएका छन् । केही समय अघिसम्म यो पोखरी आसपासमा बिशाल बृक्षहरू रहेको र पोखरीमा बार्है महिना पानी रहने गरेको भएपनि पछिल्ला दिनमा आएर ठुला बृक्षहरू नासिए सगै पोखरीको पानी सुक्ने लगायत समस्या देखिन थालेपछी यो पोखरीको अस्तित्वनै संकटमा पर्न थालेको छ ।

# शैक्षिक परामर्श ब्यवसायीहरू सडकमा



**दमक/** दमकका शैक्षिक परामर्श व्यवसायीहरु "शैक्षिक परामर्श, भाषा शिक्षण र तयारी कक्षा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८३" विरुद्ध शान्तिपूर्ण विरोध र्‍यालीसहित सडकमा उत्रिएका छन् । प्रधानमन्त्री बालेन्द्र शाहको निर्वाचन क्षेत्र झापा ५ अन्तर्गतको दमकमा सरकारकै कदम विरुद्ध ब्यवसायीहरू सडकमा उत्रिएका हुन । शैक्षिक परामर्श क्षेत्रको अस्तित्व, गुणस्तर, पारदर्शिता तथा विद्यार्थी हितको संरक्षण गर्दै सरोकारवालाहरूको साझा चासो, सुझाव र मागहरु सम्बन्धित निकायसमक्ष जिम्मेवारीपूर्वक पुर्‍याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको शैक्षिक परामर्श ब्यवसायी संघ झापाका सचिब विशाल सिटौलाले बताए ।

ब्यवसायीहरूका अनुसार सो नियमावलीमा परामर्श ब्यवसायीहरूले २५ लाख रूपैयाँ धरौटी राख्नुपर्ने ब्यवस्थाप्रती गम्भीर असहमति छ । उनीहरूले बिध्यार्थी वा अभिभावकबाट बिदेशका कलेजमा लाग्ने शुल्क लिदै नलिने , सो रकम सोझै अभिभावकको खाताबाट कलेजमा जाने भएकाले त्यसको जिम्मेवारी परामर्श ब्यवसायीहरूलाई जबर्जस्ती लादिनु न्याय संगत नभएको उनीहरूको भनाई छ ।






# दिलिप राई स्मृति अक्षयकोषबाट ५० हजार छात्रवृत्ति



**उर्लाबारी/** उर्लाबारी परिवार हङकङद्वारा स्थापित स्व. दिलिप राई स्मृति अक्षयकोष अन्तर्गत यस वर्ष पनि छात्रवृत्ति वितरण गरिएको छ । समाजसेवी पूर्ण वाइवाको पहलमा वि.सं. २०७४ सालमा स्थापना गरिएको अक्षयकोषबाट यस वर्ष उर्लाबारी–७ स्थित राधिका माध्यमिक विद्यालयका एसईईमा उत्कृष्ट नतिजा हासिल गरेका विपन्न तथा जेहेन्दार दुई विद्यार्थीलाई जनही २५ हजार रूपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको हो ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूमा वर्षा तामाङ र लक्ष्मण तामाङ रहेका छन् । उनीहरूलाई कुल ५० हजार रूपैयाँ वितरण गरिएको विद्यालयका प्रधानाध्यापक सुवास सापकोटाले जानकारी दिए ।

कार्यक्रममा राधिका माविका शिक्षक–शिक्षिका, अभिभावक तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । उर्लाबारी–६ स्थित राधिका माविका पूर्व प्रधानाध्यापक स्व. दिलिप राईको स्मृतिमा स्थापना गरिएको यस छात्रवृत्ति कोषले प्रत्येक वर्ष एसईईमा उत्कृष्ट अंक (जिपिए) ल्याउने सामुदायिक विद्यालयका विपन्न तथा जेहेन्दार छात्र–छात्रालाई प्रोत्साहन गर्दै आएको छ ।

सन् २०१० मा स्थापना भएको उर्लाबारी परिवार हङकङ सामाजिक सेवामा सक्रिय संस्था हो ।

# दुर्घटनामा तीन जनाको मृत्यु

**दुधे/** झापाको गौरीगन्ज र शिवसताक्षीमा शुक्रबार भएका अलग अलग दुर्घ दुर्घटनामा तीन जनाको ज्यान गएको छ । हुलाकी राजमार्गअन्तर्गत गौरीगन्ज गाउँपालिका–२ कृष्ण खोलानजिक कार र भारतीय मोटरसाइकल एकआपसमा ठोक्किएर दुर्घटना भएको हो ।

प्रहरीका अनुसार विराटनगरबाट गौरीगञ्ज हुँदै तुलाचन चोकतर्फ जाँदै गरेको प्र १–०२–००२ च ५१०१ नम्बरको कार र विपरीत दिशाबाट आउँदै गरेको बीआर ३८ एच ५५४७ नम्बरको मोटरसाइकल ठोक्किएर शुक्रबार दिउँसो १ बजेतिर दुर्घटना भएको हो । दुर्घटनामा परेर मोटरसाइकल चालक मोरङको रतुवामाई नगरपालिका–५ गोविन्दपुरका ३० वर्षीय मोहमद नुर स्लाम र पछाडि सवार ३५ वर्षीय एनबी मोजाबुल हकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेर गम्भीर घाइते भएका दुवै जनालाई उद्धार गरेर उपचारका लागि लगिएको थियो । गम्भीर घाइतेमध्ये मोटरसाइकल चालक मोहमद नुर स्लामको झापाको दमकस्थित दमक अस्पतालमा उपचारका क्रममा २ :४० बजे र पछाडि सवार एनबी मोजाबुल हकको विराटनगरको न्यूरो अस्पतालमा ३:१० बजेतिर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी डीएसपी रञ्जन अवाले जानकारी दिए । दुर्घटनालगत्तै प्रहरीले कार चालक विराटनगर महानगरपालिका–१३ का ३५ वर्षीय विवेक सिंहलाई पक्राउ गरेर घटनाको अनुसन्धान सुरू गरेको छ । कार र मोटरसाइकल पनि प्रहरीको नियन्त्रणमा छन् ।

त्यसैगरी झापाको शिवसताक्षी नगरपालिका–११ रमिते डाँडास्थित भित्री पक्की सडकमा मोटरसाइकल आफैं अनियन्त्रित भएर दुर्घटना हुँदा १६ वर्षीय किशोरको मृत्यु भएको छ ।

मृत्यु हुनेमा शिवसताक्षी–११ शेर्माटोल बस्ने रूकमान राईका १६ वर्षीय छोरा रूविन राई रहेका छन् । शुक्रबार बिहान २:३० बजे प्र १–०१–०१६ प ६०६४ नम्बरको मोटरसाइकल चलाइरहेका रूविनको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटनामा परेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

दुर्घटनापछि साथीहरूले घाइते रूविनलाई को ३८ प ९५७ नम्बरको मोटरसाइकलमा राखेर उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पताल पुर्‍याएका थिए । अस्पताल पुर्‍याउनसाथ चिकित्सकले बिहान ४:०५ बजेतिर उनलाई मृत घोषणा गरेका थिए । दुर्घटनाका बेला रूविनको मोटरसाइकलको पछाडि शिवसताक्षी–८ का १६ वर्षीय पुजन अधिकारी सवार थिए । प्रहरीले अधिकारीसहित को ३८ प ९५७ नम्बरको मोटरसाइकलका चालक शिवसताक्षी–११ का १५ वर्षीय लालबहादुर (लावाहाङ) लिम्बू, १६ वर्षीय ईश्वर राई तथा पछाडि सवार शिवसताक्षी–८ का विशाल तामाङलाई नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरू गरेको छ ।

# गौरादहमा शीत भण्डार सञ्चालन



**गौरादह/** झापाको गौरादहमा स्थानीय सरकार र गौरादह सामुदायिक कृषि सहकारी संस्थाको संयुक्त लगानीमा शीत भण्डार ( कोल्ड स्टोर) सञ्चालनमा आएको छ । गौरादह नगरपालिकाका प्रवक्ता समेत रहेका गौरादह १ का वडाध्यक्ष नगेन्द्र भण्डारीका अनुसार वडा नं १ स्थित नवदुर्गा आयल सेन्टर (पेट्रोल पम्प) दक्षिणमा गत आर्थिक वर्ष २०८२/०८३ को अन्त्यतिर सो शीत भण्डार सञ्चालनमा ल्याइएको हो । नगरपालिकाको ८५ प्रतिशत र गौरादह सामुदायिक कृषि सहकारीको १५ प्रतिशत लागत सहभागिता जुटाएर करिब २२ लाख रूपैयाँको लागतमा टेण्डर प्रकृयाबाट सो शीत भण्डार निर्माण सम्पन्न भएको हो । शहरोन्मुख गौरादह नगर अधिकांश कृषि भुभाग भएको नगरपालिका हो । शीत भण्डार यहाँको कृषक तथा कृषि उपज विक्रेताहरूका लागि समेत उपयोगी हुने स्थानीय सरकारको विश्वास छ । सो शीत भण्डारमा हाल मौसमी फलफुलहरू भण्डारण गरिएको छ । सो भण्डारमा २२ मेट्रिक टन फलफुल तथा कृषि उपजलाई एकसाथ सहज व्यवस्थापन गर्न सक्ने क्षमता रहेको वडाध्यक्ष भण्डारीले जानकारी दिए ।

# लखनपुरको नवनिर्मित भवनबाट स्वास्थ्य सेवा

**दमक/** झापाको कमल गाउँपालिका ६ स्थित लखनपुर स्वास्थ्य चौकीको नवनिर्मित भवनबाट आधारभूत स्वास्थ्य सेवा सहित नियमित सेवा शुभारम्भ भएको छ।

नवनिर्मित भवनबाट सेवा सञ्चालनमा आएपछि स्थानीय नागरिकले थप व्यवस्थित, सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ। स्वास्थ्य चौकीबाट ओपीडी सेवा, सुरक्षित मातृत्व सेवा, खोप सेवा, परिवार नियोजन, बाल स्वास्थ्य, पोषण, प्रयोगशाला, ड्रेसिङ, सुत्केरी घरभेट सेवा तथा अन्य आधारभूत स्वास्थ्य सेवाहरू प्रदान गरिनेछ। स्वास्थ्य चौकीमा मेडिकल अधिकृत (डाक्टर) सहित बर्थिङ्ग सेन्टर, आकस्मिक उपचार सहित क्रमशः थप सेवा विस्तारको व्यवस्था मिलाउदै लगिने गाउँपालिका अध्यक्ष हुकुम सिंह राईले बताए।



सेवा शुभारम्भसँगै स्वास्थ्य संस्थाले समुदायलाई नजिकबाट प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउँदै नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको स्वास्थ्य केन्द्र प्रमुख देवराज पराजुलीको भनाई छ।

***झट्काइएका.....***

आवश्यकता औंल्याइएको छ । धिमाल समुदायको आफ्नै भाषा, संस्कार, परम्परा र सामाजिक संरचना रहेको तथा त्यसको संरक्षणले सांस्कृतिक विविधतालाई थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ । धिमाल समुदाय नेपाल सरकारले सूचीकृत आदिवासी जनजातिमध्ये एक हो र मुख्यतः झापा, मोरङ तथा सुनसरी क्षेत्रमा बसोबास गर्दै आएको छ ।

***धेरै सन्तान......*** एकल पुरूष ज्येष्ठ नागरिकलाई वार्षिक १२ हजार रूपैयाँसहित सम्मान गर्दै आएको छ। सामाजिक सुरक्षा कार्यक्रम प्रायः महिला र बालबालिकामै केन्द्रित भइरहेका बेला एकल पुरूष ज्येष्ठ नागरिकलाई पनि समेटिएको यो कार्यक्रम फरक अभ्यास मानिएको छ । उमेरसँगै स्वास्थ्य समस्या बढ्ने तर अस्पतालसम्म पुग्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले 'ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य उपचार कार्यक्रम' सञ्चालन गरेको छ। स्वास्थ्यकर्मी घर–घरमै पुगेर स्वास्थ्य परीक्षण, औषधि वितरण र परामर्श दिने भएकाले दुर्गम बस्तीका ज्येष्ठ नागरिक प्रत्यक्ष लाभान्वित भएका छन्। ।

आर्थिक अवस्था कमजोर, दलित तथा आवासविहीन परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले 'जनता आवास कार्यक्रम' सञ्चालन गरिएको छ। जीर्ण र जोखिमयुक्त घरमा बस्दै आएका परिवारका लागि यो कार्यक्रम राहतभन्दा पनि सुरक्षित जीवनको आधार बनेको गाउँपालिकाको भनाइ छ।

आर्थिक अभावका कारण अन्तिम संस्कार गर्नसमेत कठिनाइ हुने परिवारलाई सहयोग गर्न 'मलामी खाजा सहयोग कार्यक्रम' सञ्चालन गरिएको छ। त्यस्तै, अत्यन्त विपन्न, असहाय, बेवारिसे वा आकस्मिक समस्यामा परेका नागरिकलाई तत्काल भोजन वा खाद्यान्न उपलब्ध गराउने 'भोका नागरिकलाई खाना कार्यक्रम' पनि सञ्चालनमा छ ।

राहत वितरणलाई मात्र समाधान नमान्दै गाउँपालिकाले 'खाद्य रोजगारी कार्यक्रम' मार्फत श्रम गर्न सक्ने विपन्न नागरिकलाई स्थानीय विकास निर्माणका काममा संलग्न गराउने र श्रमको प्रतिफलस्वरूप खाद्यान्न वा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था गरेको छ। यसले राहतभन्दा आत्मनिर्भरतालाई प्राथमिकता दिएको देखिन्छ । स्थानीय तहहरु प्रायः सडक, भवन र अन्य भौतिक पूर्वाधार निर्माणबाट चिनिने गरेका छन्। तर छथर गाउँपालिकाले विकासको केन्द्रमा नागरिकलाई राख्दै जन्मदेखि वृद्धावस्थासम्म जोडिने सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । घट्दो जनसंख्या र रित्तिँदै गएका पहाडी बस्तीको चुनौतीबीच गाउँपालिकाले अघि सारेको यो अभ्यास स्थानीय शासनको फरक मोडलका रूपमा हेरिएको छ ।

***चारवटा.....*** इजाजतपत्रबाट दुई वटा पसल सञ्चालन गरेको भेटिएको छ। निदान आयुर्वेद मेडिकलले दर्ता प्रमाणपत्र पेश गर्न नसकेको, अमिला मेडिकल हलमा व्यवसायीको अनुपस्थितिमै फार्मेसी सञ्चालन गरिएको तथा पसलको दर्ता नवीकरणको म्याद अघिल्लो वर्ष नै सकिएको पाइएको छ। यस्तै, सापकोटा हेल्थ क्लिनिकले दर्ता नै नगरी फार्मेसी सञ्चालन गरेको अनुगमन टोलीले फेला पारेको छ। यस्तै, प्रादेशिक अस्पताल भद्रपुर अगाडि रहेका भद्रपुर मेडिकल हल र खरेल फार्मेसी अनुगमनका क्रममा बन्द भेटिएकाले आवश्यक कागजातसहित विभागमा उपस्थित हुन पत्राचार गरिएको सूचना अधिकारी खड्काले जानकारी दिए। विभागले औषधि व्यवसायलाई कानुनी मापदण्डभित्र सञ्चालन गराउन यस्ता अनुगमनलाई निरन्तरता दिइने जनाएको छ।

ॐ मेची अस्पताल दमकमा

वरिष्ठ प्रसुती तथा स्त्री रोग विशेषज्ञ डाक्टरहरुको सेवा

डा. निरञ्जनसिंह बोगटी
प्रत्येक आइतबार, मंगलबार र बिहीबार

डा. शंकरप्रसाद हुजदार
प्रत्येक सोमबार बुधबार र शनिबार

समय : बिहान ८ बजेदेखि १२ बजेसम्म

ॐ मेची अस्पताल
दमक–७, झापा

नोट : नेपाल सरकारको आमा सुरक्षा कार्यक्रम चालु रहेको जानकारी गराइन्छ ।

■ प्रकाशक/सम्पादक : सुशीला पौडेल, ■ कार्यकारी सम्पादक : विष्णु प्रसाद पौडेल,
■ मुद्रण : अरुण छापाखाना दमक–६,झापा, ■ सम्पर्क नं. ९८४२६६६३१४ ■ Gmail: nishkarshamedia2078@gmail.com